'गाउँ गाउँमा सूचना र सञ्चारको लागी हाम्रो अभियान'
www.namastekarnali.com
# नमस्ते कर्णाली
Namaste Karnali National Daily
राष्ट्रिय दैनिक

वर्ष १ | अंक : १०३ | सोमवार २४ मंसिर, २०८१ | 09 (Monday) December 2024 | पृष्ठ ४, | मूल्य रु : १०।-

विकास गाउँ पुग्दा मानिस शहर केन्द्रित

## मुख्यमन्त्रीद्धारा गाउँ फर्क अभियान चलाउन आग्रह

नमस्ते समचारदाता
देउखुरी, मंसिर/२३




लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले शिक्षा, स्वास्थ्य, सडक पूर्वाधार लगायतका क्षेत्रमा विकास गाउँ केन्द्रित भइरहँदा मानिसहरु शहर केन्द्रित हुने अवस्थालाई सुधार गर्न "गाउँ फर्क" अभियान चलाउनुपर्ने आवश्यकता रहेको बताएका छन् । तीन तहका सरकारले गाउँ केन्द्रित विकासलाई प्राथमिकतामा राखेर सुविधाहरु पुऱ्याइरहेको सन्दर्भ केलाउँदै मुख्यमन्त्री आचार्यले तर मानिसहरुको बसोबास शहर केन्द्रित भएकाहरु अब गाउँ फर्कन जरुरी रहेको तर्क गरे। मालारानी गाउँपालिका-२ मा रहेको वीरेन्द्र माध्यमिक विद्यालयको ऐतिहासिक स्वर्ण जयन्ती महोत्सवको उद्धाटन गर्दै मुख्यमन्त्री आचार्यले सुविधाकै लागि शहर पसेकाहरु अव गाउँ फर्कनुपर्ने धारणा राखेका हुन । मुख्यमन्त्री आचार्यले भने, 'हामीले गाउँमा विकास पुऱ्यायौं, सुविधा पुऱ्यायौं । अहिले त्यही सुविधाका लागि शहर पसेकाहरु गाउँ फर्कन जरुरी छ । अब राम्रो स्कुलमा पढाउनकै लागि शहर पस्नुपर्ने, घरमा ताला भ्कुण्ड्याउनुपर्ने अवस्था छैन् । यही गाउँमा पनि धेरै गर्न सकिन्छ । अब गाउँ फर्किएर उद्यम गर्न जरुरी छ ।' गाउँ फर्क अभियानलाई राजनीतिक दल, जनप्रतिनिधि, समाजसेवी तथा समाजका अगुवाहरुले उदाहरण बनेर देखाउनुपर्ने समेत मुख्यमन्त्रीको धारणा थियो । 'राजनीतिक दलका कार्यकर्ता पनि अब उद्यममा जोडिएर व्यावसायिक बन्नुपर्छ । विदेशमा जत्तिको कमाइ स्वदेशमा बसेर पनि गर्न सकिन्छ' आचार्यको भनाइ छ । अब दलका कार्यकर्ताहरु उत्पादनसँग जोडिनैपर्छ। आफैले उदाहरण पेश नगर्दासम्म समाजको विश्वास जित्न सकिदैन ।' सामुदायिक विद्यालयमा शिक्षाको गुणस्तर खस्कदै जानु चिन्ताको विषय भएको उल्लेख गर्दै मुख्यमन्त्री आचार्यले गुणस्तर सुधार गर्न सबै पक्ष गम्भीर बन्नुपर्ने बताए । उनले भने, 'रिजल्ट सुधार्न एउटा पक्षले मात्रै ख्याल गरेर हुँदैन । यसमा अभिभावक, विद्यार्थी, शिक्षक, विद्यालय, जनप्रतिनिधि सबै साभ्ता रुपमा अघि बढ्नसक्नुपर्छ । गत वर्षको एसइइको नजिता सन्तोषजनक भएन । यसपालिको नजिता सुधार गर्ने बारेमा सबै चिन्तित र संवेदनशील बन्नैपर्छ ।' सुधारको लागि प्रदेश सरकारको तर्फबाट कहाँ के गर्नु पर्ने हो भन्नोस् हामी सबै तयार छौं ।'

## खाना पकाउने ग्याँसको मूल्य कम हुँदा प्रयोगकर्ता बढे

नमस्ते समचारदाता
हुम्ला, मंसिर/२३



कुनै समय निक्कै महंगोमा खरिद गरिने खाना पकाउने ग्याँसको मूल्य हाल केही कम भएको छ। पैदल मार्गमा सुर्खेतबाट खार्पुनाथ गाउँपालिकाको खार्पुसम्म ग्याँस ढुवानी भएर आउन थालेपछि ग्यासको मूल्य कम भएको हो । सिमकोट बजारकी उपभोक्ता क्याम्मा लामाले एक महिना यता ग्यासको मूल्य दुई पटक घटेको बताउँदै बजारमा उपभोक्तालाई सहज भएको बताइन् । मूल्य घट्दै गएपछि ग्यासको प्रयोग गर्ने संख्यामा बृद्धि भइरहेको बताउँदै उनले पनि दुई महिनायताबाट ग्यासको प्रयोग गर्न थालेको बताइन् । ग्यास सस्तो भएपनि सिमकोट बजारमा ग्यास प्रयोग नगर्ने घरधुरीहरु कमै भएको बताउँदै उनले सबैको ग्यासमा पहुँच पुग्न थालेको बताइन् । अभ्क यो ग्यासको मूल्य सिमकोटबाट दक्षिणतर्फका गाउँपालिकाका कम हुने गरेको छ। ग्याँस बिक्री गर्दै आएको टि सप्लायर्सका सञ्चालक तीर्थ बुढाले एक वर्षयता चौथो पटक ग्यासको मूल्य घटेको बताए । हाल बजारमा नयाँ शिलिण्डर सहित ग्यासको मूल्य चार हजार आठ सय रुपैयाँ पर्ने गरेको छ। केही समय अगाडि सम्म यसरी नयाँ ग्यास सहितको शिलिण्डरको मूल्य पाँच हजार तीन सय रुपैयाँ पर्ने गर्थ्यो । गतवर्ष यो अवधिमा यसरी नयाँ ग्यासको सिलिण्डर किन्दा मूल्य प्रति सिलिण्डर छ हजार पाँच सय रुपैयाँ पर्ने गरेको थियो । त्यसैगरी ग्यास भरेको प्रति शिलिण्डरको मूल्य दुई हजार आठ सय रुपैयाँ पर्ने गर्छ । जब कि केही दिन अगाडि सम्म यसरी ग्यास भरेको सिलिण्डरको मूल्य तीन हजार दुई सय रुपैयाँ पर्दथ्यो । गतवर्ष यो अवधिमा यसरी ग्यास भरेको प्रति सिलिण्डरको मूल्य तीन हजार आठ सय रुपैयाँ पर्दथ्यो । हुम्ला जिल्लामा पहिलो पटक मुगु जिल्लाको गमगडी बजारबाट खच्चडमा ढुवानी गरेर ल्याउँदा ग्यासको मूल्य प्रति सिलिण्डर चौध हजारसम्म पर्ने गरेको थियो।

## कर्णालीमा पर्यटन प्रवर्द्धन गर्न पदमार्ग निर्माण गरिँदै

नमस्ते समचारदाता
सुर्खेत, मंसिर/२३




कर्णाली प्रदेश सरकारले पर्यटन प्रवर्द्धन गर्न पदमार्ग निर्माण गर्न लागेको छ। चालु आर्थिक वर्षको नीति तथा कार्यक्रममा समेटेर पदमार्ग निर्माणको योजना अघि सारेको हो । सुर्खेत उपत्यकाको उत्तरी क्षेत्रमा पर्ने पर्यटकीय क्षेत्र अवलोकनका लागि पदमार्ग निर्माण गर्न लागिएको बताइएको छ। निजी क्षेत्र समेतको सहभागितामा सुर्खेत उपत्यकाको उत्तरी क्षेत्रमा पदमार्ग निर्माण गर्न लागिएको प्रदेश सरकारले जनाएको छ । चालु आवमा सुर्खेत उपत्यका उत्तरी क्षेत्रमा रहेका कट्कुवा, लादे, गोठीकाँडा तथा सिद्धपाइला क्षेत्रमा पुग्न पदमार्गका रूपमा विकास गर्न लागिएको हो। निजी क्षेत्र समेतको सहभागितामा सुर्खेत उपत्यकाको उत्तरी क्षेत्रमा पदमार्ग निर्माण गर्न लागिएको प्रदेश सरकारले जनाएको छ । चालु आवमा सुर्खेत उपत्यका उत्तरी क्षेत्रमा रहेका कट्कुवा, लादे, गोठीकाँडा तथा सिद्धपाइला क्षेत्रलाई समेटेर पदमार्गका रूपमा विकास गर्न लागिएको हो । करेखोलादेखि सिद्धपाइलासम्म पदमार्ग निर्माणका लागि १५ लाख रुपियाँ बजेट विनियोजन गरिएको मन्त्रालयका सूचना अधिकारी नीरज श्रेष्ठले बताए। यो कामका लागि उपत्यकाका उत्तरी क्षेत्रलाई प्राथमिकतामा राखिएको छ। वीरेन्द्रनगरबाट दैनिक रूपमा मानिस उक्त स्थानमा घुम्न जाने गरेका छन्। उपयुक्त पदमार्ग नहुँदा नागरिकले सास्ती पाइरहेका छन् । सोही कुरालाई हेरेर सरकारले पदमार्ग निर्माण गर्न लागेको हो । स्थानीयस्तरमा उपलब्ध वस्तुको प्रचारप्रसार गर्ने उद्देश्य राखिएको छ। कर्णाली प्रदेश सरकारले नागरिकका आधारभूत आवश्यकतासँगै पर्यटन प्रवर्द्धनको विषय पनि प्राथमिकतामा राखेर उठान गरेको छ । ऐतिहासिक, धार्मिक, सांस्कृतिक महत्वका पर्यटकीय स्थलको पहिचान, प्रवर्द्धन तथा संरक्षणमा जोड दिइएको छ। पहिचान गरिएका पर्यटकीय स्थलको संरक्षण तथा पुनर्निर्माण गर्न प्रदेश सरकारबाट बजेट पनि बिनियोजन गरिएको जनाइएको छ।

नमस्ते कर्णाली विज्ञापन एजेन्सी
www.namastekarnali.com
नमस्ते कर्णाली मल्टिमिडिया प्रा.लि. द्वारा संचालित नमस्ते कर्णाली राष्ट्रिय दैनिक, नमस्ते कर्णाली राष्ट्रिय साप्ताहिक, namastekarnali.com मा विज्ञापन, सुचना, बोलपत्र आवह्वान सम्बन्धी सुचना, कर्मचारी भर्ना सम्बन्धी सुचना, जनहितमा जारी सुचना आदी प्रकाशन गर्नु परेमा हामीलाई
सम्भ्कनुहोला।
नमस्ते कर्णाली राष्ट्रिय दैनिक | नमस्ते कर्णाली राष्ट्रिय साप्ताहिक | नमस्ते कर्णाली डटकम
नमस्ते कर्णाली मल्टिमिडिया प्रा.लि.
सम्पर्क : कोहलपुर-११, बाँके
व्युरो कार्यालय : सुर्खेत शाखा कार्यालय हुम्ला, मुगु, बाजुरा, कालिकोट, जुम्ला, सल्यान, जाजरकोट
कोहलपुर : ९८४७२४६९०३ हुम्ला : ९८६८३९६३३२ मुगु : ९८६८३७०८०५ बाजुरा : ९८६५६६८०९९
कालिकोट : ९८६५६६८०९९
FOLLOW US
: namastekarnali2068@gmail.com
: namastekarnali.com

नमस्ते कर्णालीमा लेख, रचना पठाउन
namastekarnali2067@gmail.com 9847246903

**सत्यवाणी :**

भौतिक तथा व्यवसायीक सुरक्षाका लागि पत्रकार एकता नयाँ संविधानमा पूर्ण प्रेस स्वतन्त्रता । - नेपाल पत्रकार महासंघ

# सम्पादकीय



## विकासका काममा ठेकेदारकै लापर्बाही

यसै पनि नेपालका विकास निर्माणका योजनाहरुमा आर्थिक श्रोत अभावले अत्यावश्यक योजनाहरु नै गर्न नसकिरहेको अवस्था छ । बल्न तल्न कहा–कहाँबाट आर्थिक श्रोतको व्यवस्थापन गरेर केही योजनाहरुको टेण्डर गऱ्यो त्यसमा पनि टेण्डर लिएको ठेकेदारले समयमा निर्माणको काम नगरेर योजना अलपत्र पारिदिने प्रवृत्तिले नेपालको विकासलाई सधैं अधुरो अवस्थामै छाडेर एकातिर योजना अधुरै रहने र अर्को तिर अधुरो कामले जनतालाई सास्ती भैरहने । नेपामा विकास नहुनु र विकास भएको नदेखिनुको एउटा प्रमुख कारण समयमै काम सम्पन्न नहुनुले पनि हो । नेपालमा तीनै तहका सरकारहरुले निर्माण प्रक्रिया थालेका योजनाहरुमा अधिकांश योजनाहरु समयमा कहिल्यै पनि सम्पन्न भएको पाइदैन । कतिपय ठेकेदारहरु त टेण्डर पाए पछि सम्झौता गरेर बेपत्त हुने गरेका उदाहरण समेत छन् । यसतो प्रवृत्तिले गर्दा एकातिर समयमा योजनाको काम सम्पन्न नभएर जनताले सास्ती पाइरहेका हुन्छन् । अर्को तिर योजनाको समयावधि बढ्दै जाँदा त्यसको लागत मुल्य पनि बढ्दै जान्छ भने तेश्रो पक्ष चाही समयमा पूँजीको परिचालन नभएर बेरोजगारी समस्या पनि सिर्जना हुन्छ । नेपालमा पूँजीगत खर्चको समय मै परिचालन हुन नसक्दा यसका धेरै नकारात्मक पक्षहरु देखिने गरेका छन् । टेकेदारहरुले आफूले गरेरको सम्झौताको समय सीमा भित्र काम सम्पन्न गर्ने भन्दा नि अनेकौं बहाना बनाएर समय थप्नमा तल्लिन देखिन्छन् । नेपालको विकास निर्माणको कामलाई अलपत्र पारेर ठेकेदारहरुले देशको राजनीति र नेतृत्वको बर्खिलापमा जनतामा आक्रोस पैदा गराउने काम पनि गरिरहेका छन् । नेपालमा हुने विकास निर्माण योजनाहरु तोकिएको मितिमा सम्पन्न हुने हो भने विकासको गति त्यहि अनुपातमा अगाडि बढ्ने थियो । तर यहाँ ते आफूले काम समयमा नगर्ने अनि दोष चाही जहिले पनि सरकारलाई दिने प्रवृत्तिले जरो गाडिसकेको छ । जब सरकार भन्दा ठेकेदारहरु विकास निर्माणको काममा हाबी हुन थाल्छन् तब सम्म नेपालको हालत यस्तै यस्तै भैरहने हो ।


# दरिलो शिक्षानीति नहुँदा अन्योल

**डा.श्रीराम न्यौपाने**

करिब ५० वर्षसम्म तदर्थवादमा अल्झिएको नेपालको शिक्षा ऐनलाई गणतान्त्रिक सङ्घीय ढाँचामा बदल्न नौ वर्षपछि विद्यालय शिक्षा विधेयक सरकारले संसद्मा दर्ता गरेको पनि १५ महिना भइसकेको छ । यसबारे शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि र पूर्वाधार विकास समितिमा छलफलै हुन पाएको छैन । विज्ञ तथा माननीयहरूले यसबारे विभिन्न टिप्पणी, विरोध वा आलोचना गरिरहेकै छन् । कोही आफूले ल्याउन नपाएको कुण्ठा पोख्दै सरकारले आफूसँग सल्लाह नगरेको र संविधानविरुद्ध भएको आरोप लगाउँदै छन् । त्यही विवादलाई सरकारले ढिलाइको कारण बनाएको आरोप पनि लगाइएको छ । पुसमा सुरु हुने हिउँदे अधिवेशनले संसद्मा विचाराधीन १५ विधेयकमध्ये विद्यालय शिक्षा विधेयक पारित गर्नुपर्ने टड्कारो आवश्यकता छ । माध्यमिक तहसम्मको शिक्षा निःशुल्क हुने र स्थानीय तहको मातहतमा रहने स्पष्ट व्यवस्था वर्तमान संविधानले गरिसकेको छ । केही पालिकाले यसको कानुन बनाउन थालेका छन् । स्थानीय सरकारले शिक्षक दरबन्दी, नियुक्ति, सरुवा वा बरखास्तको अधिकार पाएको त छ तर उक्त अधिकारको प्रभावकारी कार्यान्वयनमा धेरै बाधा उत्पन्न भएका छन् । शिक्षक, अभिभावक र सरकार तिनतिर फर्किएका छन् । पहिलेको जस्तो जिल्ला शिक्षालाई ब्युँताएर पालिकाको अधिकार खोस्नु पर्छ भन्ने शिक्षक, शिक्षालाई दलीयकरणबाट मुक्त गरे मात्र सुधार आउँछ भन्ने अभिभावकको भनाइ रहेकाले के गर्दा उत्तम हुन्छ भन्ने सोचेर सरकारले राष्ट्रिय सहमतिसहित विचाराधीन विधेयक पारित गर्ने दिशामा अघि बढ्नु पर्छ । शिक्षा धेरै विशाल, संवेदनशील र अटिल क्षेत्र हो । दरिलो शिक्षानीति र कार्यक्रम स्थापित गर्न सके युवा पलायन रोक्न सहायकसिद्ध हुने थियो । सहमतिको वातावरण निर्माणमा विश्वासिलो आधार भने निर्माण हुन अझै सकेको छैन । शिक्षक महासङ्घको संयुक्त आन्दोलन र गरिएको ६ बुँदे सम्झौताले पनि सरकार दबाबमा छ । साथै शिक्षाविद्का टिप्पणी पनि सुन्नै पर्ने खालका छन् । यस परिस्थितिलाई सुल्झाउन यी कदम चाल्नुपर्ने देखिन्छ ?

**शैक्षिक समन्वयको खोजी**

विकेन्द्रीकृत कार्यक्रमको भावना अनुसार पालिकाले पाएका अधिकारलाई कटौती नगरी जिल्लाले शैक्षिक समन्वयकारी भूमिका खेल्न सक्छ । शिक्षासम्बन्धी विभिन्न कार्यक्रम सञ्चालन गर्ने अधिकार जिल्लालाई दिन सकिन्छ । शिक्षामा दक्षता, विज्ञता, कौशल, प्रविधि, सिप आदि थुप्रै प्राज्ञिक पूर्वाधारको आवश्यकता पर्छ । हाम्रा शिक्षकलाई अभिमुखीकरणका युगीन खुराक दिन नसक्दा पाठ्यक्रम, अध्यापन र सिकाइ कोरा, अव्यावहारिक तथा बेरोजगार मूलक भइरहेका छन् । हाम्रा जनशक्ति विश्व बजारमा बिक्ने तर स्वदेशमा मिल्कने स्थिति छ । यसलाई रोक्न जिल्लाको समन्वयकारी भूमिका अपरिहार्य हुन्छ । जिल्ला माताहतमा विभिन्न विषयविज्ञ एकाइ, आयोग वा समिति गठन गरी अनुसन्धान र परीक्षणका कार्य प्रभावकारी रूपमा सञ्चालन गर्न सकिन्छ । पालिका र




विद्यालयका अपुग प्राज्ञिक क्षमताको परिपूर्ति यसले गर्छ । पालिकाको सिफारिस र मूल्याङ्कन अनिवार्य बनाई कार्यदक्षता, सिकाइ उपलब्धि, शैक्षिक कार्यक्रम तथा अनुगमनमा जिल्लाले समन्वयकारी भूमिका खेल्न सक्छ । शैक्षिक कार्ययोजना, कार्यान्वयन र मूल्याङ्कनको सबै भारी पालिकालाई बोकाउनु पनि हुन्न । सबै पालिकाले आफ्ना स्तरीय पाठ्यक्रम र पाठ्यपुस्तक दिन पनि सक्दैनन् । शिक्षकले पेसाप्रति न्याय गरे नगरेको मूल्याङ्कन गर्ने आधार विद्यार्थी, अभिभावक र नतिजा नै हुन् । पालिकाले यसैलाई आधार बनाउनु पर्छ । सजाय र बर्खास्तसम्बन्धी कानुनी फैसला जिल्ला र उच्च अदालतलाई दिन सकिन्छ । स्थानीय र जिल्लाको विवादमा नअल्झिएर अधिकारको विकेन्द्रीकरण र गुणात्मक उपलब्धितर्फ लाग्ने गरी विधेयकको नीतिगत बहस गर्नु नै वर्तमान संसद्को लक्ष्य बन्नु पर्छ ।

**शिक्षकमा जवाफदेहिताको विकास**

विधेयकमाथिको अहिलेको प्रारम्भिक बहस सुन्दा सरकारी विधेयकको विरोध गर्नै पर्छ भन्ने मनोविज्ञान प्रकट भएको देखिन्छ । त्यहाँ पुनर्लेखनका कुरा उठेका छन्, फिर्ता गर्नुपर्ने आवाज सुनिएको छ, कमजोरीको चाङ देखाइएको छ । यसमा थुप्रै संशोधन दर्ता भएका छन् । तिनमा केहीले सकारात्मक सुधारको सङ्केत पनि गरेको पाइन्छ । कसैले शिक्षकले आफ्ना सन्तानलाई सामुदायिकमा पढाउनै पर्ने र राजनीति गर्न नपाउने तर्क गरेका छन् भने कसैले संस्थाको नाम विदेशी भयो भन्ने गुनासो पोखेका छन् । कोही शिक्षामा व्यापारीकरण र निजीकरण चुलियो भन्दै आएका छन् । विडम्बना तिनले शिक्षकलाई कसरी जवाफदेही बनाउने, नैतिक चरित्रवान् राख्ने, सिकाइमा केन्द्रित गराउने, सेवासुविधाको सुधार गर्ने भन्ने विषयमा बोलेकै छैनन् । यसमा राजनीतिक आस्था, पेसागत हक र वैयक्तिक स्वतन्त्रतालाई कुण्ठित पार्ने गरी कुनै संशोधन आउनु हुँदैन । यसो भन्नु पार्टीका कार्यकर्ता बन्न दिनु भनेको होइन । दलका समितिमा बसे नबसेको अनुगमन हुनु पर्छ । यति सामान्य कुरामा कोही पनि उफ्रनुहुन्न । ‘केटाकेटी आए, गुलेली चलाए, मट्याङ्गाको सत्यानास’ भने जस्तो शिक्षक र राजनीतिबारेको बहसमा अमूल्य संसदीय समय खेर नफालौँ । शिक्षकलाई जिम्मेवार र शिक्षण पेसालाई मर्यादित र आकर्षक बनाउने कामप्रति सोचौँ । रचनात्मक, सिर्जनात्मक र बौद्धिक समाधान खोजौँ ।

**द्वैध शिक्षाको अन्त्य**

अहिले राज्यले दुईथरी शिक्षा दिइरहेको छ र उत्पादनको स्तर अमिल्दो छ । यहाँ शिक्षक, विद्यार्थी, अभिभावक र राजनीतिकर्मी पनि दुईथरी नै छन् । विभेद, बेथिति र शोषणका अनेक आयाम छन् तर उदार अर्थव्यवस्थाले राज्यका धेरै क्षेत्रमा जस्तै शिक्षामा पनि निजीलाई आकर्षित गर्दै आएको छ । यसले शैक्षिक उपलब्धि हासिल गर्न राज्यलाई निर्णायक सहयोग गरिरहेको छ । यसले सामुदायिकको नतिजालाई उछिनेको छ । सरकारले लगाएको कर तिर्नु, नियमावली अनुसार चल्नु, अभिभावकप्रति जवाफदेही रहनु र युगानुकूल रूपान्तरित हुनु निजीका पहिचान हुन् । शुल्कका केही विवाद उठेका र सरकारी अनुगमन नपुग्दा लापरबाही भएका केही कमजोरी छन् । यसलाई निजी विद्यालयले सुधार्दै जानु पर्छ । देशको ठुलो बजेटको हिस्सा सामुदायिकमा खर्चिए पनि समाज किन निजीतर्फ आकर्षित छ भन्नेबारेमा बहस हुनु पर्छ । यति भएर पनि आज द्वैध शिक्षाको खाडल गहिरिएको छ । माध्यमिक तहसम्म निःशुल्क गरी राज्यलाई समाजवादतर्फ डोऱ्याउने असल मनसाय सरकारले लिएकै छ । यो लक्षमा पुग्न केही विकल्पमाथि छलफल चलाउनै पर्छ । पहिलो विकल्प निजीलाई समय दिएर अनिवार्य गुठीमा लैजाने हो तर यसका केही सर्त हुन्छन् । सर्वप्रथम गुठी सरकारी स्वामित्व मिश्रित, संरक्षित र पोषित हुनु पर्छ । निजीहरूको भौतिक तथा बौद्धिक सम्पत्तिको उचित मूल्याङ्कन हुनु पर्छ । तब मात्र मर्जरमा गएर वा आफ्नै पूर्वाधारको विकास गरेर मुनाफारहित कार्यसम्पादनमा निजीहरू जुट्न तयार हुने छन् । दोस्रो विकल्प भनेको निजीको पूर्ण सरकारीकरण हो । यसमा मूल्याङ्कनको चित्तबुझ्दो आधार तयार पार्नु पर्छ । राज्यलाई आर्थिक भार नपर्ने गरी तिनको सम्पत्तिलाई कृषि, उद्योग, पर्यटन जस्ता विभिन्न उत्पादनमूलक क्षेत्रमा स्थानान्तरणसम्बन्धी कार्यविधि बनाउन सकिन्छ । उद्यमीलाई उद्यमी नै बन्न प्रोत्साहित गर्ने नीति सरकारले बनाइदिएमा कोही विवाद गरेर बस्ने छैन । द्वैधता अन्त्यको अर्को विकल्प भनेको सामुदायिकको क्षमता र दक्षता अभिवृद्धि हो । नीतिगत रूपमै मौजुदा शिक्षकको सेवा अवधि घटाउने, विज्ञसहितको सेवा आयोगबाट निष्पक्ष रूपमा दक्ष शिक्षकलाई नियुक्त गर्ने र सर्वोच्च सेवासुविधा प्रदान गरी यस क्षेत्रमा आकर्षण बढाउने कार्ययोजनातर्फ छलफल अघि बढ्नु पर्छ । सेवामा कसिलो र सुविधामा उदार नीति नअपनाएसम्म यस पेसाप्रति प्रतिभाशाली युवा आकर्षित हुने छैनन् । पेसाप्रतिको असन्तुष्टि, असुरक्षा र अन्योल हट्नु पर्छ । यसरी शिक्षकका जायज मागको सम्बोधन अनि प्रभावकारी व्यवस्थापन र अनुगमन भए सामुदायिकको नतिजा उचालिने निश्चित छ । यसरी सामुदायिकलाई निजीसँग प्रतिस्पर्धी बनाएर सँगै लैजान पनि सकिन्छ । चौथो विकल्प भनेको आधारभूत र उच्च शिक्षामा निजीलाई पनि साथ लिने तर माध्यमिक तह राज्यले मात्र सञ्चालन गर्ने हो । निजीबाट आधारभूत तहका बालबालिकामा चारित्रिक, शारीरिक तथा बौद्धिक विकासमा टेवा पुग्न सक्छ । विश्वका विकसित मुलुकमा सात/आठ वर्षसम्म तिनलाई घरेलु वातावरण दिने, पढाइको बोझ नदिने र व्यावहारिक तथा भाषिक ज्ञानको विकास गराउने चलन छ । हामीले पनि यो काममा निजीको सहयोग लिन सक्छौँ । किशोरावस्था र युवाको शिक्षा राज्यले मात्र जिम्मा लिनु पर्छ । उच्च शिक्षामा भने विविध विषय छान्न पाउने अधिकारलाई राज्यले कुण्ठित गर्न हुँदैन । आफैँले त्यस्तो सबै सुविधा दिन नसक्दा विदेश पलायन बढ्न सक्छ । विधेयकमा यिनै विकल्पको सैद्धान्तिक बहस होस् । संसद्ले आफ्नो सुझबुझ, उदारता, दक्षता, योग्यता र गरिमा कायम गर्दै यसै अधिवेशनबाट विद्यालय शिक्षा विधेक पारित गर्नु पर्छ र दीर्घकालीन समाधान दिनु पर्छ । *–गोरखापत्र*

**जनहितमा जारी सन्देश**

- आफ्नो घर आगन सफा राखौं ।
- विकास निर्माणको काममा जन सहभागीता जुटाऔं ।
- बालबालिकालाई विद्यालय पठाऔं काममा नलगाऔं ।
- हावाहुरी चल्ने ठाउँमा आगो जथाभावी आगो नबालौं । बाल्नु परे पनि काम सकिना साथ तुरुन्त निभाउने गरौं ।
- छाडा चौपायाहरुलाई नियन्त्रण गरौं ।
- जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरु समयमै नै दर्ता गरौं ।
- आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौ ।
- सभ्य समाजको निर्माणमा सहयोग पुऱ्याऔं ।
- दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरुद्ध डटेर लागौं ।
- सार्वजनिक सम्पतिको संरक्षण गरौं । हरेक विकास निर्माणका कार्यहरुमा काँधमा काँध मिलाएर अघि बढौं ।
- पालिकाको हरेक विकास निर्माणका कार्यहरुमा सबै पालिकावासीले सहयोग गरौं ।

पलाँता गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पलाँता, कालीकोट

**जनहितमा जारी सन्देश**

- आफ्नो घर आगन सफा राखौं ।
- विकास निर्माणको काममा जन सहभागीता जुटाऔं ।
- बालबालिकालाई विद्यालय पठाऔं काममा नलगाऔं ।
- हावाहुरी चल्ने ठाउँमा आगो जथाभावी आगो नबालौं । बाल्नु परे पनि काम सकिना साथ तुरुन्त निभाउने गरौं ।
- छाडा चौपायाहरुलाई नियन्त्रण गरौं ।
- जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरु समयमै नै दर्ता गरौं ।
- आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौ ।
- सभ्य समाजको निर्माणमा सहयोग पुऱ्याऔं ।
- दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरुद्ध डटेर लागौं ।
- सार्वजनिक सम्पतिको संरक्षण गरौं । हरेक विकास निर्माणका कार्यहरुमा काँधमा काँध मिलाएर अघि बढौं ।
- पालिकाको हरेक विकास निर्माणका कार्यहरुमा सबै पालिकावासीले सहयोग गरौं ।

पचालझरना गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पडेक्षा, कालीकोट

# वन्यजन्तुबाट पीडित हुनेहरु नै क्षतिपूर्ति तथा राहत व्यवस्था बारे अनभिज्ञ

नमस्ते समचारदाता
बाँके, मंसिर/२३



बाँकेका राप्ती सोनारी गाउँपालिका-२ माथेबासका वन्यजन्तुबाट प्रभावित समुदायहरुले वन्यजन्तुबाट भएको कुनै पनि क्षतिमा तत्काल राहत वा क्षतिपूर्ति पाउनु पर्ने बताएका छन् । उनीहरुले वन्यजन्तुले निरन्तर समुदायमा नोक्सानी गरिरहेको तर पिडित परिवारले क्षतिपुर्ति समयमैं पाउन नसक्दा ठूलो समस्या परेको बताएका छन् । समुदायका लागि सञ्चार अभियान नेपाल (सीसीएन)ले आइतबार आयोजना गरेको 'वातावरणीय न्याय र जवाफदेहिताका लागि गोलघर सम्वाद'का सहभागीहरुले यस्तो धारणा राखेका हुन् । युएसएड/द एसिया फाउण्डेशनद्धारा संचालित 'नागरिक समाज र मिडिया' परियोजनाको साझेदारीमा संचालित 'वातावरणीय न्याय र जवाफदेहिताका लागि सिमान्तकृत समुदायको सबलीकरण अभियान' अन्तर्गत सम्वाद गरिएको सीसीएनले जनाएको छ । माथेबासमा विशेषगरी हात्ती, बाघ र बाँदर लगायतका वन्यजन्तुले निरन्तर क्षती गर्दै आएको स्थानीय चित्रबहादुर डांगीले बताए । डाँगीले भण्डारण गरेको अन्न समेत वन्यजन्तुले खाइदिने गरेको दुखेसो पोखे । जनमुखी सामुदायिक वन उपभोक्ता समितिका अध्यक्ष टोपबहादुर खड्काले भभन्दछन्, 'वन घना भएपछि वन्यजन्तु भइहाल्दो रहेछ । बाघले मेरो गाउँका छिमेकी केशबहादुर वलीको २ वटा जर्सी खाइदिएको धेरै भयो तर उहाँले अहिलेसम्म क्षतिपूर्ति पाउनुभएको छैन । वन्यजन्तुबाट भएको क्षतिको तत्काल राहत पाउने व्यवस्था मिलाउनुपर्छ ।' ऐलानी जग्गामा बस्ने मानिसहरुले राहत नपाउने कुराले स्थानीयलाई धेरै समस्या पारेको पनि उनले बताए । कार्यक्रममा हात्तीको आक्रमणबाट लामो समयदेखि उपचारत ३४ वर्षिय लक्ष्मी वोहोराले अहिलेसम्म उपचार खर्च नपाएको गुनासो गरिन । उनले उपचारका क्रममा ३ लाख रुपियाँ खर्च भएको र कतैबाट कुनै सहयोग नपाएको उनले देखेसो पोखिन् । आफुहरुले क्षतिपुर्ति के पाइन्छ र कसरी पाउने नीतिगत व्यवस्था छ भन्ने बारे थाहा नै नपाएको स्थानीय शिवलाल पाण्डेले बताउछन् । कार्यक्रममा सीसीएनका कार्यकारी निर्देशक तुला अधिकारीले वन्यजन्तु प्रभावितहरुका लागि राहत र क्षतिपूर्ति सम्बन्धि भएका व्यवस्था र पाउने प्रकृयाबारे सचेतनाका लागि गोलघर सम्बाद सुरु गरिएको जानकारी गराए । कार्यक्रममा प्रभावित क्षेत्रका ३५ जनाको सहभागिता रहेको थियो।

# कैलालीमा ब्राउनसुगर सहित सात जना पक्राउ

नमस्ते समचारदाता
कैलाली, मंसिर/२३



लागुऔषध खैरो हेरोइन (ब्राउन सुगर) सहित कैलाली प्रहरीले सात जनालाई पक्राउ गरेको छ । लागुऔषध नियन्त्रण ब्युरो, जिल्ला प्रहरी कार्यालय र मातहतका प्रहरी कार्यालयबाट खटेको प्रहरी टोलीले कैलालीको विभिन्न स्थानबाट उनीहरुलाई पक्राउ गरेको हो । पक्राउ परेका व्यक्तिहरुको साथबाट कुल ११ ग्राम ७३० मिलिग्राम लागुऔषध बरामद भएको जिल्ला प्रहरी कार्यालयले जानकारी दिएको छ । सो कार्यालयका अनुसार धनगढी उपमहानगरपालिका-४ भाटभटेनी नजिकबाट २७ वर्षीय रमेश भट्ट दुई ग्राम ४७० मिलिग्राम खैरो हेरोइनका साथ पक्राउ परेका छन् । यसैगरी, एक ग्राम ४० मिलिग्राम खैरो हेरोइन सहित प्रहरीले धनगढी उपमहानगरपालिका-७ का १८ वर्षीय राजेश राना, २५ वर्षीय रामगोपाल रानालाई पक्राउ गरेको छ । धनगढी उपमहानगरपालिका -१२ पानीघट्ट नजिकबाट उनीहरुलाई पक्राउ गरिएको बताइएको छ । जानकी गाउँपालिका-९ खैरीफाँटाका १९ वर्षीय सचिन रावललाई तीन ग्राम ९८० मिलिग्राम खैरो हेरोइन सहित प्रहरीले पक्राउ गरेको छ । यसैगरी, धनगढी उपमहानगरपालिका-४ का २८ वर्षीय गोपाल रामजाली मगरलाई प्रहरीले ५१० मिलिग्राम लागुऔषध सहित पक्राउ गरेको छ । यातायात कार्यालय नजिक शङ्का लागेर जेकचाँज गर्दा उनको साथबाट लागुऔषध बरामद भएको जिल्ला प्रहरी कार्यालयले जानकारी दिएको छ । यस्तै, धनगढी उपमहानगरपालिका -८ संगमटोलका २८ वर्षीय सुरेश चौधरीलाई एक ग्राम ८४० मिलिग्राम खैरो हेरोइन सहित पक्राउ परेका छन् । पक्राउ परेका सबैजनालाई हिरासतमा राखी उनीहरुमाथि थप अनुसन्धान कार्य जारी रहेको जिल्ला प्रहरी कार्यालयको सञ्चार शाखाका गणेश नाथले जानकारी दिएका छन् ।

# साढे १० लाखभन्दा बढीको भन्सार छलीको सामान बरामद

नमस्ते समचारदाता
कैलाली, मंसिर/२३

कैलालीमा प्रहरीले १० लाख ९१ हजार मूल्य बराबरको भन्सार छलीको सामान बरामद गरेको छ । जिल्ला प्रहरी कार्यालय र मातहतको प्रहरी चौकीबाट खटेको प्रहरी टोलीले भन्सार छलीको सामान बरामद गरेको हो । जिल्ला प्रहरी कार्यालयका अनुसार धनगढीस्थित ट्राफिक चौराहा र बोराडाँडीबाट अन्दाजी १० लाख ५३ हजारको बराबरको विभिन्न मोबाइलका कभर र किरानाको सामान बरामद गरिएको छ । यसैगरी, गोदावरी नगरपालिकाको बालुवाटारबाट अन्दाजी ३८ हजार मूल्य बराबरको स्पिकर, पम्पको वासर बरामद भएको जिल्ला प्रहरी कार्यालयका सह प्रवक्ता प्रहरी निरीक्षक दर्शन खड्काले जानकारी दिनुभयो ।

# गाउँ गाउँमा पुग्यो सडक, हुँदै छ बजार विस्तार

नमस्ते समचारदाता
जाजरकोट, मंसिर/२३



जिल्लाका ग्रामीण बस्ती सडक सञ्जालमा जोडिएका छन् । गाउँबस्ती सडक सञ्जालमा जोडिएपछि सर्वसाधारणलाई देशका अन्य सहरसँगको पहुँचमा सहज भएको छ भने कतिपय ग्रामीण क्षेत्रमा नयाँ नयाँ भौतिक संरचना निर्माण हुन थालेका छन् । गाउँका स्वरूप फेरिन थालेका छन । कतिपय ठाउँमा ससाना बजार विकास हुन थालेका छन् । केही वर्षअघि जुनीचाँदे गाउँपालिकाबाट सदरमुकाम खलङ्गा पुग्न दुई दिन पैदल हिँड्नु पर्दथ्यो । गाउँबस्तीमा सडक सञ्जाल पुगेपछि पैदल हिँड्नुपर्ने बाध्यता हटेको छ । विगतमा जाजरकोटको बारेकोट गाउँपालिका-३, मुल्साम, नलगाड नगरपालिका-३ वडा कार्यालयसम्म सडक सञ्जाल नजोडिँदा यहाँका सर्वसाधारणले केही अप्ठ्यारो भोग्दै आएका थिए, अहिले यी क्षेत्रमा सडक पुगेपछि सर्वसाधारणले सहज महसुस गरेका छन् । असार, साउन, भदौ र असोजमा बर्खाको पानीले पहिरो गएपछि रोकिने गरेका छन् । स्थानीय तहले ती ग्रामीण सडक समयमै मर्मत नगर्दा करिब चार महिना दुःख पाए पनि बाँकी आठ महिना सहज रूपमा यातायातका साधन प्रयोग गर्न पाएका छन् । जुनीचाँदे गाउँपालिका-५ का गोपाल गिरीले स्थानीय तह भएपछि विकासले काँचुली फेर्दै गएको बताउनुभयो । स्थानीय सरकार बाट सम्पादन हुने काम कछुवा गतिमा भइरहेकाले पनि जनताले सोचे अनुसार विकासको अनुभूति गर्न नसकेको उहाँले दुःखेसो पोख्नुभयो । बर्खामा पहिरोले अवरुद्ध गरेका सडक समयमा मर्मत गर्ने जिम्मा स्थानीय तहको भए पनि बजेट अभावका कारण देखाउँदै सडकमा थुप्रिएको पहिरोसमेत नपन्छाउँदा केही महिना यहाँका बासिन्दाले दुःख पाउने गरेका छन् । बारेकोट गाउँपालिकाका निवर्तमान अध्यक्ष महेन्द्रबहादुर शाहले २०७४ सालमा निर्वाचित जनप्रतिनिधिले सबै गाउँबस्तीमा जोडेका सडक सञ्जाल वर्तमान सरकारले समयमा मर्मत नगर्दा सर्वसाधारणले दुःख पाइरहेको बताउनुभयो । स्थानीय सरकार जनताको दुःखसुखको सारथि भएकाले गरिब, दलित, महिला, बालबालिका, वृद्धवृद्धा सीमान्तकृत वर्गको आवश्यकतालाई ध्यान दिनुपर्ने उहाँको सुझाव छ । ग्रामीण बस्तीका जनताका दुःख अन्त्य गर्न स्थानीय सरकारले पहल गर्नु पर्छ । उहाँले भौगोलिक विकटता, विकासका हिसाबले पछि परेका गाउँबस्तीलाई विकासमा जोड्न प्रदेश तथा केन्द्र सरकारसँग समन्वय सहकार्य गर्नुपर्ने बताउनुभयो । यसअघिका निर्वाचनमा पैदल हिँडेर दुई दिनमा मतपेटिका सदरमुकाम ल्याउने गरेकोमा अहिले भने जिल्लाका सात वटै स्थानीय तह सडक सञ्जालमा जोडिएपछि सम्बन्धित स्थानमा एकै दिनमा पुग्ने गरेका छन् । सडकको पहुँचले गाउँघरतिर सानातिना बजारको विकास हुन थालेका छन् ।


नमस्ते कर्णाली राष्ट्रिय दैनिक
वार्षिक ग्राहक योजना अब तपाईहरुका बिचमा
प्रत्येकलाई उपहार योजना
अब नमस्ते कर्णालीको वार्षिक
ग्राहक भई तुरुन्तै प्राप्त गर्नुहोस:



आकर्षक
भित्ते घडी
यतिमात्र होईन...
साथमा
बम्पर उपहार



रंगिन टिभी एकजनालाई



१० जनालाई मोबाइल
सम्पर्कका लागि
प्रधान कार्यालय :
...लपुर, न्यरोड बाँके फोन नं. ९८४५२४६९०३
शाखा कार्यालयहरु
नेपालगञ्ज बाँके, सिमिकोट हुम्ला, गमगढी मुगु, खलंगा जुम्ला, मान्म कालीकोट र दुनै डोल्पा



जन्म, मृत्यु, विवाह, बसाई सराई र सम्बन्ध विच्छेद लगाएतका व्याक्तिगत घटनाहरू भएको ३५ दिन भित्र गाउँपालिकाको सम्बन्धित वडा कार्यालयमा गई दर्ता गराऔं ।

नाम्खा गाउँपालिका
हुम्ला

# संविधान संशोधन राष्ट्रिय सभाको निर्वाचन पश्चात मात्र हुन्छ : पोखरेल

नमस्ते समचारदाता
दाङ, मंसिर/२३



नेकपा एमालेका महासचिव शंकर पोखेलले संविधान संशोधनको काम डेढ बर्षपछि हुने राष्ट्रियसभा सदस्यको निर्वाचन पछि मात्र अघि बढ्ने बताएका छन् । दाङको लमहीमा आइतबार नेकपा एमाले क्षेत्र नम्बर १ समन्वय कमिटीले आयोजना गरेको पार्टी कार्यकर्ताहरुलाई प्रशिक्षण गर्दै संविधान संशोधनका प्रक्रियाका लागि अहिले समय आफूहरुको अनुकूल नरहेको बताएका हुन् । महासचिव पोखैले भने, 'हामी दुईटा राजनीतिक दल मिल्नुको कारण सरकार मात्रै होइन । राजनीतिक स्थायित्वको आधार तयार गर्न संविधान र कानूनमा सुधार गर्नेगरी दुई ठूला दलको बिचमा समीकरण बनेको हो । तर राष्ट्रिय सभामा हाम्रो पक्षको दुई तिहाइ छैन । दुई तिहाइ नपुग्दासम्म संविधान संशोधनको एजेन्डा अघि बढ्न सक्दैन । किनभने संविधान संशोधनका लागि दुईतीहाई चाहिन्छ । अहिले संविधान संशोधनको विषयमा माओवादीसँग कुरा मिल्ने स्थिती छैन । डेढ बर्ष पछाडि राष्ट्रियसभाको निर्वाचनपछि त्यहाँको संरचना बदलिन्छ । त्यसपछि संविधान संशोधनको प्रक्रिया अघि बढ्छ ।' महासचिव पोखेलले एमालेलाई आगामी ८४ को निर्वाचनमा बलियो राजनीतिक शक्ति निर्माण गर्ने दिशामा अहिले देखिनै सशक्त भएर खट्न कार्यकर्तालाई निर्देशन दिए । उनले अहिले ठूला दुई दलको बिचमा भएको समीकरणले मिलेर चुनाव लड्ने नभइ एक्लाएक्लै प्रतिस्पर्धा हुने बारेमा स्पष्ट रहनुपर्ने बताए । हालसालै सम्पन्न स्थानीय तहको उप-निर्वाचनमा रुकुम पूर्वमा भएको जुन प्रकारको तालमेल सही नभएको भनाइ महासचिव पोखेलको छ । पोखेलले भने, 'अहिले हामी कांग्रेससँग मिलेका छौं । तर, चुनावको बेलामा हामी एक्लाएक्लै लड्ने हो । अब पूर्वीरुकुममा साथिहरुले के गरे, एमालेको उम्मेदवार कांग्रेसको चुनाव चिन्हमा लड्ने कुरा गल्तीनै हो । त्यसो गर्नुहुँदैन्थ्यो । ठाउँ विशेषमा तालमेल गर्ने कुरा स्थानीय विशेषताको आधारमा हुन पनि सक्ला । तर, आफ्नो, आफ्नो चुनाव चिन्हमा लड्नुपर्दछ ।' एमाले-कांग्रेस जस्ता पार्टी अर्काको चुनाव चिह्नमा आफ्ना उम्मेदवार खडागर्ने कुरा चाहिँ उचित कुरा होइन । त्यो गलत कुरानै हो । वास्तवमा त्यहाँका साथीहरुले गल्ती गरेका हुन । त्यो गल्तीलाई पार्टीले आलोचना गरेको छ । भविश्यमा यसप्रकारको काम हुने छैन ।'पोखेलको स्वीकारोक्त छ । उप-निर्वाचनको नतिजाले एमालेलाई कमजोर नभइ थप सुदृढ बनाएको दावी समेत पोखेलले गरे । यस्तै उनले पार्टी नेतृत्वका विरुद्धमा भइरहेका कुप्रचारका विरुद्ध दृढतापूर्वक उभिन आह्वान गरेका छन् । 'भ्रमपूर्ण सूचनालाई हो कि हो कि भन्नेर बस्ने कि सत्य तथ्य पत्ता लगाउन अघि बढ्ने' उनले भने,'जे जति कुराहरु प्रचार गरिएका छन, ती सबै भ्रमपूर्ण हुन । कागले कान लग्यो भनेर कागपछि दौडने कि पहिला कान छोप्ने । पहिला त कान छोप्नुपर्ला नि !' पोखेले कार्यकर्तालाई सम्झाए । गिरिबन्धु टि स्ट्रेट, कम्बोडियामा लगानीका विषयहरुमा भ्रमछर्नेहरु अहिले समस्यामा परेको भन्दै उनले भ्रमको खेती गर्नेहरुलाई कानूनले दण्डित गर्ने समेत बताए । एमालेलाई कमजोर बनाउँदा आफूहरु स्थापित हुन सकिन्छ भन्नेगरी स्वतन्त्र भन्नेहरुले भ्रमको खेती सुरु गरेको उनको टिप्पणी छ । 'षड्यन्त्रबाट आत्तिने होइन, सामना गर्ने हो । यो पार्टी कमजोर हुने वाला छैन । विकास र समृद्धिको नेतृत्व गर्ने यहि पार्टी हो' पोखैलले दाबी समेत गरे । पार्टीबाट अलग भएका नेताहरुलाइ के लाग्दो हो हामी जहाँ जान्छौं, त्यहाँ ठूलो पार्टी बनाउन सक्छौं । तर, त्यस्तो हुन सक्दैन ।

# बाजुरामा दुई छुट्टाछुट्टै दुर्घटनामा दुईको मृत्यु, दश घाइते

नमस्ते समचारदाता
बाजुरा, मंसिर/२३




जिल्ला सदरमुकाम मार्तडीमा आइतबार दिउँसो स्कोरपियो दुर्घटना हुँदा एक जनाको घटनास्थलमा र एक जनाको जिल्ला अस्पतालमा उपचारका क्रममा मृत्यु भएको छ । दुर्घटनामा अन्य तीन जना घाइते भएका छन् । बडीमालिका नगरपालिका-८ मा रहेको मालिका मन्दिरमा दर्शन गरेर फर्किने क्रममा मार्तडी-कोल्टी सडक खण्डमा पर्ने अपि होटल नजिकै सुप प्र ०१ ००१ च ४३१६ नम्बरको स्कोरपियो दुर्घटना भएको जिल्ला प्रहरी कार्यालय बाजुराले जनाएको छ । घटनास्थलमा कञ्चनपुर जिल्ला भीमदत्त नगरपालिका-१७ की ३१ वर्षीया गायत्री पन्तको र उपचारका क्रममा सोही जिल्ला भीमदत्त-१८ की राधिका भट्टको मृत्यु भएको जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक दिलीपकुमार गिरीले जानकारी दिएका छन् । दुर्घटनामा जिल्लास्थित शिक्षा विकास तथा समन्वय इकाई कार्यालयका कार्यालय सहयोग गौमुल गाउँपालिका-४ बस्ने २५ वर्षीय रमेश धामी, कञ्चनपुरको कृष्णपुर-५ गुलरियाका मोहनदेव भट्ट र भीमदत्त-१७ का ३९ वर्षीय लोकेन्द्र पन्त घाइते भएको बताए । उनले दिएको जानकारीअनुसार घटनामा परेर मृत्यु भएकाको शव परीक्षणका लागि जिल्ला अस्पताल बाजुरामा राखिएको छ । घटनामा परी घाइते भएका तीनै जनाको जिल्ला अस्पतालमा उपचार भइरहेको र थप उपचारका लागि हेलिकप्टर मार्फत अन्य सुविधायुक्त अस्पताल लैजाने पहल भइरहेको नाउ गिरीले जानकारी गराएका छन् । त्यस्तै बाजुराकै हिमाली गाउँपालिका-६ धिम गाउँमा जिप दुर्घटना हुँदा ७ जना घाइते भएका छन् । धिममा एभरेष्ट इन्टरनेटको नेट जडानका लागि १३ जना सवार रहेको गाडी अनियन्त्रित भएर दुर्घटना हुँदा ७ जना घाइते भएको जिल्ला प्रहरी कार्यालय बाजुराले जनाएको छ । घाइते ७ जनाको उद्धार गरी कोल्टी आधारभूत अस्पतालमा उपचार भइरहेको छ । घटनामा परेका घाइतेको सनाखत हुन बाँकी रहेको प्रहरीले जनाएको छ । गाडी अनियन्त्रित भई सडकमै पल्टिएको प्रहरी जनाएको छ ।

जनहितमा जारी सन्देश

- आफ्नो घर आगन सफा राखौं ।
- विकास निर्माणको काममा जन सहभागीता जुटाऔं ।
- बालबालिकालाई विद्यालय पठाऔं काममा नलगाऔं ।
- हावाहुरी चल्ने ठाउँमा आगो जथाभावी आगो नबालौं । बाल्नु परे पनि काम सकिना साथ तुरुन्त निभाउने गरौं ।
- छाडा चौपायाहरूलाई नियन्त्रण गरौं ।
- जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरू समयमै नै दर्ता गरौं ।
- आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौं ।
- सभ्य समाजको निर्माणमा सहयोग पुऱ्याऔं ।
- दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरुद्ध डटेर लागौं ।
- सार्वजनिक सम्पत्तिको संरक्षण गरौं । हरेक विकास निर्माणका कार्यहरूमा काँधमा काँध मिलाएर अघि बढौं ।
- पालिकाको हरेक विकास निर्माणका कार्यहरूमा सबै पालिकावासीले सहयोग गरौं ।

राप्ती सोनारी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
अगैया, बाँके

# रारामा पहिलो पटक देखियो कालो चितुवा र लोखर्के

नमस्ते समचारदाता
मुगु, मंसिर/२३



मुगुको रारा राष्ट्रिय निकुञ्जमा पहिलो पटक दुर्लभ कालो चितुवा (मेलानेस्टिक लिओपार्ड) र लोखर्के देखिएका छन् । त्रिभुवन विश्वविद्यालयका शोधकर्ता विद्यार्थीहरूले क्यामेरा ट्र्याप प्रविधिको प्रयोग गरेर यी दुर्लभ जनावरको भिडियो रेकर्ड गर्न सफल भएका हुन् । रारा राष्ट्रिय निकुञ्जका निमित्त वरिष्ठ संरक्षण अधिकृत महेश न्यौपानेका अनुसार, क्यामेरा ट्र्यापमा हिमाली भालु, स्याल, कस्तुरी, बँदेल, लगायतका अन्य जनावर पनि देखिएका छन् । तर कालो चितुवा र लोखर्केको उपस्थिति पहिलो पटक पुष्टि भएको छ । निकुञ्ज भित्र स्तनधारी जनावरहरूको गतिविधि र विवरण संकलनका लागि ४० स्थानमा २१ दिनसम्म क्यामेरा जडान गरिएको थियो । यो अनुसन्धान त्रिभुवन विश्वविद्यालयका प्राणीशास्त्र केन्द्रीय विभागका विद्यार्थीहरू तिलक थापा मगर, विमलराज श्रेष्ठ, वाचन प्रसाईं सहितको अनुसन्धान टोलीले गरेको हो । सह-प्राध्यापक हरिप्रसाद शर्माको सुपरिवेक्षणमा गरिएको यो अध्ययनले निकुञ्जको जैविक विविधता थप खुलाउन सहयोग पुर्याएको छ । रारा राष्ट्रिय निकुञ्ज जैविक विविधताले भरिपूर्ण छ । यहाँ ५४ प्रजातिका स्तनधारी जनावर, २९६ प्रजातिका चराचुरुङ्गी, ७ प्रजातिका माछा जसमध्ये ३ प्रजातिका असला माछा विश्वभरि केवल रारा तालमै पाइन्छन् । १ प्रजातिका उभयचर, १ प्रजातिका घर्षणशील वन्यजन्तु र १०२४ प्रजातिका वनस्पति पाइन्छन् । वरिष्ठ संरक्षण अधिकृत न्यौपानेका अनुसार, यो अनुसन्धानले संरक्षण प्रयासहरू थप बलियो बनाउनेछ । उनले निकुञ्जको जैविक विविधता अध्ययनका लागि वैज्ञानिक उपकरण र प्रविधिको उपयोगमा जोड दिनु आवश्यक औंल्याएका छन् । नेपालकै ठूलो र गहिरो रारा ताल समेटिएको यो निकुञ्जमा जैविक विविधताको अध्ययन र संरक्षणले निकुञ्जको महत्वलाई थप उजागर गर्नेछ । यस प्रकारका अध्ययनले भविष्यमा राष्ट्रिय निकुञ्ज व्यवस्थापनलाई थप सुदृढ बनाउने अपेक्षा गरिएको छ ।

जन्म, मृत्यु, विवाह, बसाइँ सराइँ र सम्बन्ध बिच्छेदलगायतका व्यक्तिगत घटनाहरु भएको ३५ दिनभित्र गाउँपालिकाको सम्बन्धित वडा कार्यालयमा गई दर्ता गराऔं ।
ताँजाकोट गाउँपालिका
हुम्ला

नमस्ते कर्णाली Namaste Karnali National Daily राष्ट्रिय दैनिक
नमस्ते कर्णाली राष्ट्रिय दैनिकका लागि प्रकाशक/ सम्पादक : अशोक भण्डारी ,प्रधान कार्यालय : कोहलपुर-११ बाँके, शाखा:सुर्खेत,हुम्ला,मुगु,कालिकोट,जुम्ला,डोल्पा,बाजुरा
सम्पर्क : ९८४७२४६९०३ इमेलः namastekarnali1@gmail.com मुद्रणः गैरे अपसेट प्रेस (छापाखाना), कोहलपुर, बाँके